संघीय संसद
प्रतिनिधि सभा
सातौं अधिवेशन
बैठक संख्या - १

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल फागुन २३ गते आइतबार

प्रतिनिधि सभाको सातौं अधिवेशनको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ५:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आव्हान सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७७ साल फागुन २३ गते आइतबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा प्रतिनिधि सभाको अधिवेशन आह्वान गरेको छु ।
>
> मिति :- २०७७ फागुन १७ (विद्यादेवी भण्डारी)

तदुपरान्त सम्माननीय सभामुखले सम्मानित सर्वोच्च अदालतको ऐतिहासिक फैसलाबाट पुनः क्रियाशील भएको प्रतिनिधि सभाको सातौं अधिवेशनको पहिलो बैठकमा सम्पूर्ण माननीय सदस्यहरुलाई हार्दिक स्वागत गर्नुहुँदै जनताको सार्वभौमसत्ताको अभ्यास गर्ने यो सर्वोच्च थलो पुनर्स्थापित भएको सुखद अवसरमा सम्पूर्ण माननीय सदस्यहरु, यो सभालाई पुनः क्रियाशील बनाउन योगदान गर्ने सम्पूर्ण निकाय तथा महानुभावहरु र आम जनतालाई बधाई पनि ज्ञापन गर्नु चाहन्छु भन्नुभयो ।

उहाँले लोकतन्त्रको सार्वभौम मान्यता, संविधानको मर्म र भावना अनुसार प्रतिनिधि सभालाई पुनःस्थापना गर्ने ऐतिहासिक फैसलाका लागि सम्मानित सर्वोच्च अदालतप्रति आभार प्रकट गर्दै यस ऐतिहासिक फैसलाबाट संविधान र कानुनको अन्तिम व्याख्या गर्ने संवैधानिक अधिकार प्राप्त सर्वोच्च अदालतप्रति आम जनताको भरोसा बृद्धि भएको छ भन्नुभयो । प्रतिनिधि सभाले सातौं अधिवेशनसम्म आइपुग्दा नेपालको संविधान र प्रतिनिधि सभा नियमावलीले व्यवस्था गरेका आफ्नो नियमित काम गर्नुका साथै संविधान कार्यान्वयन गर्ने र संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको, प्रतिनिधि सभा पुनः क्रियाशील भएसँगै हामीमाथि इतिहासले केही गहन जिम्मेवारी पनि थपेको र केही वृत्तबाट विगतका विसंगतिपूर्ण अभ्यास दोहोरिने आशंका उत्पन्न भइरहेको सन्दर्भमा यस सभालाई जीवन्त, गतिशील र थप जनमुखी बनाउन प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दल एवं माननीय सदस्यहरुको भूमिका महत्वपूर्ण हुन्छ भन्नुभयो ।

साथै स्थिरता र यसमार्फत् जनताको समृद्धिको चाहनालाई सम्बोधन गर्न यो सभा आफ्नो जिम्मेवारी निर्वाहमा कामयावी हुने नै छ भन्दै जनताको भरोसाको धरोहरका रुपमा रहेको सर्वोच्च जनप्रतिनिधिमूलक संस्थालाई व्यवस्थित,मर्यादित तथा गरिमामय बनाउन सम्पूर्ण माननीय सदस्यहरुबाट सदा झैं साथ र सहयोग रहनेमा म विश्वस्त छु भन्नुभयो ।

तत्पश्चात सभाले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न उठेर एक मिनेट मौन धारण गर्‍यो ।

तदुपरान्त नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का मा० पुष्पकमल दाहाल, माधव नेपाल लगायतका केही मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले समय दिन खोज्नुहुँदा मा० श्री प्रेम सुवालले नियमापत्ति गर्न खोज्नुभएपछि सम्माननीय सभामुखले नियमावलीतर्फ ध्यानाकर्षण गराउँदै बस्न आग्रह गर्नुभएपछि मा० श्री भीमबहादुर रावलले सचिवालयबाट वितरित कार्यसूचीमा बहालवाला सदस्य सहित महत्वपूर्ण व्यक्तित्वका शोक प्रस्ताव सँगसँगै अन्य विषयहरु आउनु आपत्तिजनक भएको, सर्वोच्च अदालतको फैसलाले वैधता गुमाइसकेको सरकारले अध्यादेश ल्याउनु अस्वाभाविक रहेको, सरकार र सम्माननीय प्रधानमन्त्रीको स्थिति स्पष्ट नभई सरकारका काम कारवाहीले सदनमा प्रवेश पाउन नसक्ने भन्दै अध्यादेश सहितको कार्यसूची अगाडि बढाउन खोजिए कारवाही वहिष्कार गर्दछौं भन्नुभयो ।

यसैबीच मा० श्री भीमबहादुर रावलले बोल्ने क्रममा मा० श्री खगराज अधिकारीले नियमापत्ति गर्नुहुँदै अध्यादेश पहिलो बैठकमा पेश गर्नुपर्ने भनी प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९३ मा भएको व्यवस्थातर्फ ध्यानाकर्षण गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९३ को उपनियम (१) मा संविधानको धारा ११४ बमोजिम जारी भएको अध्यादेश, जारी भएपछि आह्वान भएको सदनको पहिलो बैठकमा पेश गर्नुपर्ने भन्ने कानूनी बाध्यता रहेकोतर्फ मा० सदस्यहरुको ध्यानाकर्षण गराउँदै बैठक अगाडि बढ्ने जानकारी गराउनु भएपछि नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का केही मा० सदस्यहरु बैठक कक्षबाट बाहिर जानुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठन सम्बन्धी निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मिति २०७४/११/३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा देहायबमोजिम नियुक्ति, हेरफेर र कार्य विभाजन गरी देहायबमोजिम मन्त्रिपरिषद् गठन गर्नुभएको छ ।

| क्र.स. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री केपी शर्मा ओली | प्रधानमन्त्री | रक्षा |
| २. | श्री ईश्वर पोखरेल | उपप्रधानमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | श्री रामबहादुर थापा | मन्त्री | गृह |
| ४. | श्री विष्णुप्रसाद पौडेल | मन्त्री | अर्थ |
| ५. | श्री प्रदीपकुमार ज्ञवाली | मन्त्री | परराष्ट्र |
| ६. | श्री हृदयेश त्रिपाठी | मन्त्री | संघीय मामिला तथा सामान्य प्रशसन |
| ७. | श्री गिरिराजमणि पोखरेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| ८. | श्री बर्षमान पुन | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई |
| ९. | श्री घनश्याम भुसाल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १०. | श्री कृष्णगोपाल श्रेष्ठ | मन्त्री | सहरी विकास |
| ११. | श्री भानुभक्त ढकाल | मन्त्री | स्वस्थ्य तथा जनसङ्ख्या |
| १२. | श्री लेखराज भट्ट | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १३. | श्री योगेशकुमार भट्टराई | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १४. | श्री शक्तिबहादुर बस्नेत | मन्त्री | वन तथा वातावरण |
| १५. | श्री रामेश्वर राय यादव | मन्त्री | श्रम, रोजगार तथा समाजिक सुरक्षा |
| १६. | श्री जगतबहादुर सुनार (विश्वकर्मा) | मन्त्री | युवा तथा खेलकुद |
| १७. | श्री पद्माकुमारी अर्याल | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १८. | श्री बीना मगर | मन्त्री | खानेपानी |
| १९. | श्री वसन्तकुमार नेम्वाङ्ग | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| २०. | श्री पार्वत गुरुङ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| २१. | श्री शिवमाया तुम्बाहाङ्फे | मन्त्री | कानून,न्याय तथा संसदीय मामिला |
| २२. | श्री लिलानाथ श्रेष्ठ | मन्त्री | महिला, बालबालिक तथा ज्येष्ठ नागरिक |
| २३. | श्री मोतीलाल दुगड | राज्यमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २४. | श्री नवराज रावत | राज्यमन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| २५. | श्री रामबिर मानन्धर | राज्यमन्त्री | सहरी विकास |

(डा. हरि पौडेल)
सचिव

मिति :- २०७७/६/२८

(ख) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा ओलीज्यूको नेतृत्वमा मिति २०७४/११/३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा देहाय अनुसार नियुक्ति, हेरफेर र कार्य विभाजन गरी मन्त्रिपरिषद् गठन गर्नुभएको छ ।

| क्र.स. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री केपी शर्मा ओली | प्रधानमन्त्री | रक्षा |
| २. | श्री ईश्वर पोखरेल | उपप्रधानमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | श्री रामबहादुर थापा | मन्त्री | गृह |
| ४. | श्री टोपबहादुर रायमाझी | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई |
| ५. | श्री विष्णुप्रसाद पौडेल | मन्त्री | अर्थ |
| ६. | श्री प्रदीपकुमार ज्ञवाली | मन्त्री | परराष्ट्र |
| ७. | श्री हृदयेश त्रिपाठी | मन्त्री | स्वस्थ्य तथा जनसङ्ख्या |
| ८. | श्री लेखराज भट्ट | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| ९. | श्री कृष्णगोपाल श्रेष्ठ | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १०. | श्री प्रभु साह | मन्त्री | सहरी विकास |
| ११. | श्री भानुभक्त ढकाल | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १२. | श्री मणिचन्द्र थापा | मन्त्री | खानेपानी |
| १३. | श्री पद्माकुमारी अर्याल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १४. | श्री वसन्तकुमार नेम्वाङ्ग | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १५. | श्री गौरीशंकर चौधरी | मन्त्री | श्रम, रोजगार तथा समाजिक सुरक्षा |
| १६. | श्री पार्वत गुरुङ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| १७. | डा. शिवमाया तुम्बाहाङ्फे | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १८. | श्री लिलानाथ श्रेष्ठ | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| १९. | श्री गणेशसिंह ठगुन्ना | मन्त्री | संघीय मामिला तथा सामान्य प्रशसन |
| २०. | श्री प्रेमबहादुर आले | मन्त्री | वन तथा वातावरण |
| २१. | श्री जुलीकुमारी महतो | मन्त्री | महिला, बालबालिक तथा ज्येष्ठ नागरिक |
| २२. | श्री दावा लामा तामाङ | मन्त्री | युवा तथा खेलकुद |
| २३. | श्री नवराज रावत | राज्यमन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| २४. | श्री रामबिर मानन्धर | राज्यमन्त्री | सहरी विकास |
| २५. | श्री विमला वि.क. | राज्यमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |

(डा. हरि पौडेल)
सचिव

मिति :- २०७७/९/१०

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठलाई “संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७” प्रस्तुत गर्न अनुमति दिनुहुँदा नेपाली काँग्रेस पार्टीका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि मा० श्री पुष्पा भुसाल (गौतम)लाई समय दिनुभएपछि उहाँले सरकारले अध्यादेश मार्फत् संविधानमा नलेखिएका विषयहरु ल्याएको, प्रस्तुत हुन लागेको संवैधानिक परिषद् सम्बन्धी अध्यादेशलाई प्रमुख प्रतिपक्षले स्वीकार गर्न नसक्ने र सरकारले यस अध्यादेशलाई फिर्ता गरोस् भन्नुभयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठले “संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७” पेश गर्न खोज्नुहुँदा नेपाली काँग्रेस पार्टीका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा

नियमावली, २०७५ ले अध्यादेश प्रस्तुत भएको दुई दिनभित्र अध्यादेश अस्वीकार गर्ने सूचना राख्न पाउने अधिकार दिएकोले नियम बमोजिम अगाडि बढ्न आग्रह गर्नुहुँदा पनि उहाँहरु उभिइरहनुभएपछि मा० श्री बालकृष्ण खांणलाई समय दिनुहुँदा उहाँले संवैधानिक परिषद् सम्बन्धी अध्यादेश नै नेपालको संविधानको प्रतिकूल रहेकोले सरकारले उक्त अध्यादेश अविलम्ब फिर्ता गरोस् प्रमुख प्रतिपक्षी दलले अध्यादेश अगाडि बढाउने सदनको कुनैपनि कारवाहीमा सहयोग गर्न सक्दैन भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयतर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै मा० मन्त्रीलाई अगाडि बढ्न अनुमति दिनुभएपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७" प्रस्तुत गर्नुभयो । यसैबीच मा० मन्त्रीले अध्यादेश प्रस्तुत गर्न शुरु गरेपछि नेपाली काँग्रेस पार्टी र जनता समाजवादी पार्टी, नेपालका मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले बैठक १० मिनेटपछि बस्नेगरी दिनको ५:५५ बजे स्थगित गर्नुभयो ।

प्रतिनिधि सभाको आजै १० मिनेटपछि बस्नेगरी स्थगित भएको बैठक सूचनापत्र - ४ प्रकाशित गरी अर्को बैठक २०७७ साल फागुन २६ गते बुधबार दिनको १:०० बजे बस्नेगरी स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव